【साइसोकुस्यो= लिखित आदेश पत्र】

भुक्तान गर्ने म्याद नाघेपनि तपाईंको नेशनल हेल्थ इन्स्योरेन्सको रकम अझै भुक्तानी भएको छैन।

यो साइसोकुस्योमा निर्दिष्ट भुक्तानी म्याद सम्ममा बैंक या कम्बिनियन्स स्टोर आदि मा गएर भुक्तान गर्नु होला।

एकैपटकमा सबै रकम भुक्तान गर्न गाह्रो भए कोकुमिन केन्कोउ होकेन खा (फुनाबासी नगरपालिका भवन १ तल्ला) मा आएर परामर्श गर्नु होला।

भिडियो फोन बाट पनि अनुबादक मार्फत भुक्तानीको बारेमा परामर्श गर्न सकिने भएकोले, जापानी भाषा नआएपनि केहि फरक पर्दैन।।

# साइसोकुस्यो हेर्ने तरिका




【ध्यान दिनु पर्ने कुरा】

- नेशनल हेल्थ इन्स्योरेन्स रकम भुक्तानी सम्बन्धमा परामर्श गरेको छैन भने, प्रत्येक वर्षको जनवरी, अप्रिल र सेप्टेम्बर महिनामा साइसोकुस्यो पत्राचार गरिनेछ।
- निर्दिष्ट म्याद सम्ममा भुक्तान नगरिएको खण्डमा ढिलाइ शुल्क जोडिने मात्र नभई, तपाईंको जायजेथा को बारेमा खोजतलाश गरी जफत गर्ने कदम चालिनेछ।
- कुनै विशेष कारण बिना भुक्तान नगरिएको खण्डमा इन्स्योरेन्स कार्ड फिर्ता लिने कदम चालिन सक्छ।